## नेत्रावती डबजोङ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ३** **संख्याः ४** **मितिः २०७६/१२/२३**

**भाग- २**

## नेत्रावती डबजोङ गाउँपालिका

## कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६

**नेत्रावती डबजोङ गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः**

# कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६

कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शवको संसर्गबाट उक्त रोग अर्को व्यक्तिमा सरेमा प्रमाण हालसम्म फेला नपरेता पनि शव सदगतको क्रममा देहाय बमोजिम सावधानी अपनाई शव व्यवस्थापन गर्ने कार्य गरिने छ।

क) शव लिन जानु पूर्व शववाहनका चालन तथा कर्मचारीहरुले PPE को प्रयोग गर्नु पर्दछ।

ख) मृतकको कुलधर्म अनुसार शवको सम्मान गर्दै निजका उपस्थित आफन्तहरु समेत सुरक्षित राख्नु पर्दछ।

ग) कोभिड-१९ को कारण मृत्यु भएको शव जथाभावी सदगत गर्नु हुदैंन।

घ) शवलाई अस्पताल/घरबाट अन्तिम संस्कार गर्न लैजाने क्रममा अस्पतालका कर्मचारी, एम्बुलेन्सका कर्मचारी, सदगत गर्ने व्यक्तिहरु र सदगतमा सहभागि हुने मृतकका आफन्तजनले पन्जा, चस्मा, टोपी, मास्क सहितको PPE प्रयोग गर्नु पर्दछ।

ङ) शवालई कम भन्दा कम चलाउनु पर्दछ।

च) शवमा लागेका पाईप, केथेटर लगायतका सामाग्रीहरु हटाई दिनु पर्दछ।

छ) शवको कुनै भागबाट श्राव भईरहेको भए त्यस भागलाई होसियारी पूर्वक बन्द गर्नु पर्दछ।

ज) शव अन्तिम संस्कार गर्ने स्थलतर्फ लैजान साधारण शववाहनको प्रयो गर्न सकिनेछ।

झ) शवलाई Disinfect गर्नु आवश्यक छैन।

ञ) शवलाई चाँडो भन्दा चाँडो अन्तिम संस्कार गर्ने स्थलमा पुर्याउनु पर्दछ।

ट) शवको शरिरको कुनै भागबाट श्राव भएमा बाहेक शव राख्न विशेष ब्यागको आवश्यकता पर्ने छैन।

ठ) ६० वर्ष माथिका व्यक्तिहरु र दीर्घ रोगीहरुलाई शवको नजिक जानबाट रोक्नुपर्दछ।

ड) सदगत गर्नु पूर्व आफ्नो कुल/परम्परा अनुसार शवलाई नछोईकन जन छर्कने, पाठ गर्ने तथा फुलमाला चढाउने जस्ता क्रियाकलापहरु गर्न सकिनेछ।

ढ) मृतकका आफन्तले शव हेर्न चाहेमा शवलाई नछोईकन कम्तिमा एक मिटर टाढाबाट एक/एक जनालाई पालैपालो गरी हेर्न दिन सकिनेछ।

ण) कोभिड-१९ ले मृत्यु भएको व्यक्तिको सामान्यता पोष्टमार्टम गर्नु पर्दैन । यदि गर्नु परेमा मृतकको फोक्सो तथा अन्य अंगहरुमा जिवाणु जिउदै हुन सक्ने हुनाले वथप होसियारी अपनाउनु पर्दछ ।

त) उथेष्ट भेन्टिलेसनको व्यवस्था भएको कोठामा मात्र न्यून स्वास्थ्यकर्मीको उपस्थितिमा आवश्यक PPE प्रयोग गरेर पोष्टमार्टम गर्नु पर्दछ ।

थ) कोभिड-१९ का कारण मृत्यु भएको व्यक्तिको शव रहेको मृहमा उपयुक्त प्रकाश भन्टिलेसन र सरसफाईको व्यवस्था गर्नु पर्दछ ।

द) पोष्टमार्टम सकिने वित्तिकै प्रयोग गरेको सामाग्रीहरु Disinfect गर्नु पर्दछ ।

ध) Clinical Waste हरुको सावधानी पूर्वक Dispose गर्नुपर्दछ ।

प्रमाणिकरण मितिः २०७६/१२/२०

आज्ञाले,
श्याम कृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत